जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क
९८१५८३०६०१

बर्ष १२ • अंक २५६ • २०८२ आषाढ २२ गते आईतवार • 6 Jul. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# पत्रकारहरूलाई व्यक्तिलाई लक्षित गर्दै 'टार्गेट पत्रकारिता' नगर्न आग्रह




**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २१ आषाढ**

महोत्तरीको भंगहा नगरपालिकाका नगरप्रमुख संजीव कुमार साहले पत्रकारहरूलाई व्यक्तिलाई लक्षित गर्दै 'टार्गेट पत्रकारिता' नगर्न आग्रह गरेका छन् । नेपाल पत्रकार महासंघ प्रादेशिक कार्यालयको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि रहेका मेयर साहले पत्रकारिता पेशालाई मर्यादित र समाजको आइना बनाइराख्न आग्रह गरे।"पत्रकार समाज र नागरिकको विश्वासको केन्द्र हो। तर व्यक्तिगत रिसइवी वा इगोका कारण समाचार लेख्दा पत्रकारप्रतिको जनविश्वास घटेको छ," मेयर साहले भने। उनले पत्रकार महासंघको प्रादेशिक कार्यालय निर्माणका लागि भंगहा नगरपालिकाभित्र आवश्यकतानुसार निजी जग्गा उपलब्ध गराउने प्रतिबद्धता समेत जनाए । पत्रकारिता स्वतन्त्र र मर्यादित हुनुपर्ने: "पत्रकारको कलमले समाजलाई सचेत गराउने काम गर्छ, त्यसैले हामी पत्रकारको सम्मान गर्छौं," मेयर साहले थपे, "तर पत्रकारिता स्वतन्त्र र मर्यादित पेशा भए पनि त्यसको नाममा अत्याचार गर्नु अनुचित हुन्छ ।" प्रेस स्वतन्त्रता खुम्च्याउने सरकारी प्रयासप्रति चिन्ता: कार्यक्रममा नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दहालले संघदेखि स्थानीय सरकारसम्म पत्रकारलाई सघुरो कोठामा राख्न खोजिएको गम्भीर आरोप लगाए ।

"प्रेस स्वतन्त्रता हटाउने सोच हटाउनु आवश्यक छ। पत्रकार महासंघ नागरिक आवाज उठाउने संस्था हो, अन्यायविरुद्ध कलम चलाउने संस्था हो," उनले भने।नेपाल पत्रकार महासंघ केन्द्रिय लेखा समिति अध्यक्ष केसी लामिछानेले सञ्चारमन्त्रीले दिएको विभाजनकारी अभिव्यक्तिप्रति आपत्ति जनाउँदै भने, "पत्रकारको संरक्षण, सम्बर्द्धन र निष्पक्षताको जिम्मा सञ्चार मन्त्रालयको हो। तर मन्त्रीकै अभिव्यक्ति आचारसंहिताविपरीत भएको पाइएको छ, पत्रकारहरू चुप लागेर बस्ने अवस्थामा छैनन्।"उनले संघ र प्रदेश सरकारले आफ्नै हितमा सञ्चारमाध्यम खोल्न खोजेको र पत्रकारितालाई सीमित गर्न खोज्नु संघीयताको मर्मविपरीत भएको बताए । प्रदेश सरकारको नियतप्रति गम्भीर प्रश्न: महासंघका केन्द्रिय सदस्य राजेश कुमार कर्णले मधेश प्रदेश सरकारप्रति आलोचना गर्दै लोककल्याणकारी विज्ञापन कटौती गरिएपछि प्रदेशका पत्रकार मारमा परेको बताए। "प्रदेश सरकारले बजेटको ठुलो हिस्सा केन्द्रमा सञ्चालित मिडियामा खर्च गरेको छ । यो संघीयताको लडाइँमा सहभागी पत्रकारमाथिको धोका हो," उनले भने । प्रेस स्वतन्त्रताको पक्षमा सुरक्षा निकायको समर्थन: सशस्त्र प्रहरीका डिआइजी कृष्णराज ढकाल र नेपाल प्रहरीका डिआइजी उमाप्रसाद चतुर्वेदीले पत्रकारहरू स्वतन्त्र र निडर भएर कलम चलाउन सकून् भनेर आफूहरू सधैं तयार रहेको बताए ।

कनक लता पत्रकारिता पुरस्कार घोषणा: प्रेस स्वतन्त्रता सेनानी भरत प्रसाद साहले "राम भरत साह कनक लता उत्कृष्ट पत्रकारिता पुरस्कार" को घोषणा गर्दै उक्त पुरस्कार पत्रकार महासंघको स्थापना दिवसको अवसरमा प्रदान गरिने जानकारी दिए ।

# राजर्षी जनक विश्व विद्यालयको प्रशासनिक भवन निर्माण गर्न मांग

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २१ आषाढ**




नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवम् पूर्व उपप्रधानमन्त्री बिमलेन्द्र निधिले राजर्षी जनक विश्व विद्यालयको प्रशासनिक भवन निर्माण गर्न माग गर्नुभएको छ।

प्रेस युनियन धनुषाले जनकपुरधामस्थित नेपाली काँग्रेस धनुषाको पार्टी कार्यालयमा शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले यस्तो माग गर्नु भएको हो । उहाँले भवन निर्माणका लागि विश्व विद्यालयको कोषमा आठ करोड भन्दा बढी रकम हुँदा हुँदै पनि विश्व विद्यालयको प्रशासनिक कामकाजका लागि विश्व विद्यालयले घर भाडामा लिनु राम्रो नभएको भन्दै आफ्नै प्रशासनिक भवन निर्माण गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले धनुषाको नगराइन नगरपालिकाको मनयारी स्थित रहेको गुठीको १३ बिघा जग्गामा प्रशासनिक भवन निर्माण गर्न माग गर्नु भएको हो ।

सो जग्गाको सम्बन्धमा राजर्षी जनक विश्व विद्यालय र गुठी संस्थान बिचमा पनि सम्झौता भइसकेकोले निर्माणको काम तत्काल सुरु गराउने काममा सबैको भूमिका हुनु पर्नेमा निधिले जोड दिनुभयो । प्रेस युनियन धनुषाका अध्यक्ष राजनकुमार सिंहको अध्यक्षतामा भएको सो कार्यक्रममा नेपाली काँग्रेसका नेता एवम् प्रदेश सभा सदस्य राम सरोज यादव सहितकाले विश्वविद्यालयको प्रशासनिक भवन निर्माणको काममा अवरोध गर्न नहुने धारणा राख्नु भएको छ।

तपाई तातो हावाको लहरबाट हुने मृत्युहरु रोकथाम गर्न सक्नुहुन्छ




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी,मधेश प्रदेश






# सम्पादकीय......................

## देशलाई युवाहरूको खाँचो

*नेपालको विकास यात्राको आरम्भ औपचारिक रूपमा सात दशक अघिबाट भएको देखिन्छ । सात दशकमा हासिल भएको उपलब्धिले हाम्रो देश अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने अवस्थामा पुगेको देखिन्छ। सन् २०२६ को प्रारम्भदेखि यो स्तरोन्नति लागू हुनेछन । यो नेपालीहरूका लागि सन्तोषको विषय रहेको देखिन्छ। तर योजनाबद्ध विकासको लामो यात्रामा लागेको समय, लगानी र मुलुकको शिरमा रहेको ऋणको भारको तुलनामा हासिल भएको उपलब्धि र त्यसबाट नेपाली जनतालाई मिलेको लाभलाई दाँज्दा विकासमा छलाङ मारेको भनेर हर्षित हुने अवस्था नरहेको देखिन्छ। उद्योग गर्नाले दरिद्रता हुँदैन, जप गर्नाले पाप हुँदैन, मौन बसेमा झगडा हुँदैन र जागा रहेमा भय हुँदैन । देशलाई उद्योगी र पौरखी युवाहरूको खाँचो रहेको देखिन्छ।*

*विकासका लागि जनसंख्याको बनोटमा युवा बाहुल्यलाई स्वर्णकाल मानिएका छन। नेपालको वर्तमान जनसंख्याभित्र युवाको हिस्सा अधिक रहेको देखिन्छ। यस आधारमा स्वर्णकाल चलेका छन । अर्थात् जनसांख्यिक लाभको उत्तमकाल रहेका छन । तर, यो लाभ पनि हासिल भइरहेको छैन । यसो हुनुमा नेपाली मानवस्रोत मानव पुँजीमा रूपान्तरण र स्वदेशमा परिचालन हुन नसकेर हो भन्ने अनुमान गर्न सकिन्छ। अहिले जेनतेन १२ कक्षा पढ्दासम्म स्वदेशमा रोकिने र त्यसपछि विदेश गइहाल्ने मनोविज्ञानले सबै किशोर तथा युवालाई ग्रस्त बनाएको अवस्था रहेको देखिन्छ । यो बाध्यता हो कि आवश्यकता अथवा विदेशमोह के भन्ने ? जे भए पनि विदेश पलायनले परिवार, समाज र राष्ट्रको जीवनमा धनको टेको त मिलेको छ तर खुसीमा खडेरी पर्ने गरेको विभिन्न घटनाक्रमले पुष्टि गर्दै गएको देखिन्छ ।*

# स्वास्थ्य सेवा प्रभावकारी बनाउन व्यवस्थित अस्पताल कार्यक्रमलाई प्राथमिकतामा

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २१ आषाढ**

मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंहले स्वास्थ्य सेवा प्रभावकारी बनाउन व्यवस्थित अस्पताल कार्यक्रमलाई प्राथमिकतामा राखिएको बताउनुभएको छ ।

लहान-१ मा बिएन्डबी डेन्टल प्लस मल्टिस्पेसियालिटी क्लिनिक प्रालि उद्घाटन गर्दै उहाँले यस्तो बताउनुभएको हो । उहाँले आफूले स्वास्थ्यमन्त्रीको जिम्मेवारी समालेपछि प्रादेशिक अस्पतालले भोगिरहेका समस्या समाधान गर्न पहल गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "मधेश प्रदेशका आठ वटै जिल्लामा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट ५० करोड रुपियाँभन्दा बढीको बजेट यस आर्थिक वर्षमा विनियोजन गरेका छौँ । सिरहामा मुस्किलले एक करोड बजेट आउँथ्यो । आगामी आव २०८२/८३ को बजेटमा ७० करोड बजेट विनियोयन भएको छ ।"



मन्त्री सिंहले लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पताललाई सिटी स्क्यान मेसिन र धनगढीमाई नगरपालिकामा रहेको महेन्द्र गेनाई अस्पताललाई प्रसूति सेवा प्रवाह गर्न सिटी स्क्यान मेसिन उपलब्ध गराउन बजेट विनियोजन गरिएको बताउनुभयो ।

मन्त्री सिंहले सरकारी तथा निजी क्लिनिकको स्तरीय व्यवस्थापन र गुणस्तरीय स्वास्थ्य सेवाका लागि अनुगमनको पाटो व्यवस्थित बनाउन मन्त्रालयले कार्य गरिरहेको स्पष्ट पार्नुभयो । उहाँले स्वास्थ्य क्षेत्रमा गोप्य टेन्डरको प्रक्रिया हटाएर खुला प्रक्रियाबाट टेन्डर गरिने पद्धति अगाडि बढाइएको बताउनुभयो । १३ किसिमका बिरामीको उपचारका लागि प्रदेशमा ४० करोड रुपियाँ विभिन्न मन्त्रालयबाट रकमान्तर गरेर पनि बिरामीलाई रकम उपलब्ध गराइएको जनाकारी उहाँले दिनुभयो । कार्यक्रममा पूर्वराज्यमन्त्री पदमनारायण चौधरी, प्रदेश सभा सदस्य राजेन्द्रप्रसाद चौधरी, लहान नगर उपप्रमुख रामचलितर महतो, पूर्वनगरप्रमुख मुनि साहलगायतले लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालको जग्गा रजिस्ट्रेसन गराउन प्रदेश सरकारले सकारात्मक भूमिका निर्वाह गरेकोमा धन्यवाद दिनुभयो । उहाँहरूले अस्पतालको जग्गा रजिस्ट्रेसन गराउन लाग्ने राजस्व मिनाहाका लागि सङ्घीय सरकारसँग समेत पहल गरिदिन मन्त्री सिंहको ध्यानाकर्षण गराउनुभयो ।

# अनलाइन राष्ट्रिय कार्यशाला सम्पन्न

**राकेश प्रसाद चौधरी**
**महोत्तरी, २१ आषाढ**

नेपाल प्रेस इन्स्टिच्यूट, काठमाण्डौले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहयोगमा सञ्चालित तीनदिने मिडियामा विश्वसनीयता: समस्या र समाधान विषयक अनलाइन राष्ट्रिय कार्यशाला शनिवार सम्पन्न भएको छ।

वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारीले सम्बोधनबाट शुरु भएको यस कार्यशालामा नेपाली भाषामा पत्रकारिता गर्ने स्वदेश तथा विदेशबाट अनलाइन मिडियामा आवद्ध ५० भन्दा बढीको सहभागीता रह्यो । पहिलो दिन प्रशक्षिक नसना वज्राचार्यले मोजो, मोबाइल जर्नालिज्म लगायतका प्रविधिमा आधारित भई मोबाइल फोनलाई कसरी अधिकतम सदुपयोग गर्न सकिन्छ भनेर जानकारी साझा गरिन्। कार्यशालाको दोस्रो दिन पूर्णत: प्राविधिक विषयमा केन्द्रित रह्यो। प्रक्षिशक लीलाराज भट्टराईले कृत्रिम विज्ञ (एआई) को सदुपयोग र दुरुपयोग भएका सन्दर्भहरुबारे जानकारी दिए । उनले एआईको सदुपयोग र सम्भाव्य खतराबारे जोखिने उपायहरुबारे उदाहरण सहित जानकारी दिए। सोही दिन प्रशिक्षक सुदीप ढकालले अनलाइन मल्टिमिडिया आकर्षक रुपमा चलाउन आवश्यक अडियो भिज्युअल सम्पादन सीप सिकाएका थिए।

प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत तथा प्रशिक्षक झबिन्द्र भुसालले अनलाइन न्जूपोर्टलमा पस्किने सामग्रीलाई आचारसंहिता सम्मत हुनुपर्ने जानकारी दिए। उनले दर्ता नभएका र आचारसंहिता पालना नगरेका न्यूजपोर्टल कारबाहीमा पर्ने गरेको उदाहरण साझा गरे। साइबर कानुनको बारेमा वरिष्ठ पत्रकार तथा प्रशिक्षक विनोद ढुंगेलले विद्यमान कानुनी ब्यबस्था तथा कानुन बन्ने क्रममा रहेको सामाजिक सञ्जाल, साइबर सुरक्षासँग सम्बन्धित विषयमा जानकारी साझा गरेको कार्यशालाका संयोजक कपिल काफ्लले जानकारी दिए। कार्यशालाको समापन नेपाल प्रेस इन्स्टिच्यूटको पूर्व अध्यक्ष मन्टेश्वरी राजभण्डारीले गरिन्।





अनुरोधकर्ता
भंगहा नगरपालिकाको कार्यालय
महोत्तरी,मधेश प्रदेश


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: मनमा पछुतो आउने
मिथून: मित्रतामा फाटो आउने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: लामो यात्राको योग छ
कन्या: अनावश्यक चिन्ता
तुला: आम्दानी हुने
वृश्चिक: विचार गरेर बोल्नुहोला
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: खानपानमा समस्या आउने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# विनाशकारी बाढीमा मृत्यु हुने २५ पुगे, २३ भन्दा बढी बालबालिका बेपत्ता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ आषाढ**



अमेरिकाको टेक्सास राज्यको दक्षिण-मध्य क्षेत्रमा शुक्रबार बिहान आएको अचानक बाढीले ठूलो मानवीय क्षति पुर्याएको छ। स्थानीय अधिकारीहरूले दिएको जानकारी अनुसार सो बाढीमा परी अहिलेसम्म २५ जनाको मृत्यु भइसकेको छ।

ग्वाडालुपे नदीको किनारमा रहेको एक ग्रीष्मकालीन बाल शिविरमा सहभागी भएका २३ भन्दा बढी बालिकाहरू अझै सम्पर्कमा आउन सकेका छैनन्। केर जिल्लाका शेरिफ ल्यारी लाइथाले पत्रकार सम्मेलनमार्फत जनाइअनुसार, थप व्यक्तिहरू हराइरहेका हुन सक्ने भएकाले मृतकको सङ्ख्या अझ बढ्न सक्ने सम्भावना रहेको छ। टेक्सास राज्यका उपराज्य प्रमुख ड्यान प्याट्रिकका अनुसार, मृत्यु हुनेहरूमा केही बालबालिका पनि परेका छन्। उहाँले बताएअनुसार, ग्वाडालुपे नदीको पानीको सतह एकैचोटि २६ फिट ( करिब ८ मिटर) ले बढेपछि शिविरमा सहभागी करिब ७५० बालिकामध्ये २३ जति अझै सम्पर्कविहीन अवस्थामा छन् । शिविरका प्रमुखले पठाएको सन्देश अनुसार, बाढीका कारण त्यहाँ पानी, विद्युत् तथा सञ्चार सेवा पूर्णरूपमा अवरुद्ध भएको छ। हाल बाढीबाट प्रभावित क्षेत्रमा ठूलो सङ्ख्यामा उद्धारकर्मी परिचालन गरिएको छ। सयौं सुरक्षाकर्मी तथा दर्जनौं उड्ने साधनको माध्यमबाट उद्दार कार्य जारी रहेको छ।

# असारमा फिल्म छायाङ्कन रहर कि बाध्यता ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ आषाढ**




असार वर्षाको महिना हो। वर्षामा बाढी-पहिरोको डरसमेत हुने भएकाले मानिसहरू यात्रा गर्न समेत रुचाउँदैनन् । तर, नेपाली फिल्म उद्योगको एउटा तप्का भने यही झरी, बादल र हिलोलाई छिचोल्दै लाइट्स, क्यामेरा, एक्सन' भन्न तल्लीन छ। असार महिना फिल्म छायाङ्कनका लागि सबैभन्दा प्रतिकूल मानिन्छ। यद्यपि यस वर्ष आधा दर्जनभन्दा बढी फिल्म यही महिना फ्लोरमा छन्।

पानी पर्ने र कालो बादल लाग्ने भएकाले प्राकृतिक प्रकाशको अभाव हुनासाथ छायाङ्कन प्रभावित हुने भएर पनि कतिपयले असार महिनामा फिल्मको काम रोक्छन्। एउटा सिन खिच्नका लागि घण्टौं कुर्नुपर्ने, बारम्बार छायाङ्कन रोक्नुपर्ने र निर्धारित समयमा काम सम्पन्न गर्न नसक्दा निर्माताको लाखौं रुपैयाँ खर्च बढ्ने गर्छ। यस्तै कारण अधिकांश निर्माता-निर्देशक असारमा फिल्म खिच्न रुचाउँदैनन्। तर, यो असारमा 'ऐरी', 'किन लाग्छ माया', 'बाटुलो जुन', 'परिवर्तन', 'परी' र 'मिर्मिरे' जस्ता फिल्म छायाङ्कनमा व्यस्त छन्। केही फिल्म अघिल्ला महिनादेखि नै छायाङ्कनमा थिए भने केहीले असारबाटै छायाङ्कन थालेका हुन्। फिल्म 'मिर्मिरे' शनिबारदेखि फ्लोरमा निस्किएको छ । पछिल्लो समय फिल्म निर्माणको सङ्ख्या ह्वात्तै बढेको छ। यसले गर्दा कलाकार र प्राविधिकको व्यस्तता पनि बढेको छ। त्यसैले चलेका कलाकार पाउनु र दक्ष प्राविधिक पाउन निर्मातालाई कठिन हुने गरेको छ। त्यसैले पनि असारलाई प्रतिकूल मौसम भनेर जान्दाजान्दै पनि कतिपय निर्देशकले कलाकार र प्राविधिक फुर्सदमा रहेको मौका छोप्दै फिल्मलाई फ्लोरमा लैजाने गरेका छन्।

# आजका लागि विदेशी मुद्राको विनिमयदर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २१ आषाढ**




नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ३४ पैसा र बिक्रीदर १३६ रुपैयाँ ९४ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १६० रुपैयाँ ५८ पैसा र बिक्रीदर १६१ रुपैयाँ २९ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८६ रुपैयाँ १० पैसा र बिक्रीदर १८६ रुपैयाँ ९२ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७१ रुपैयाँ ८३ पैसा र बिक्रीदर १७२ रुपैयाँ ५९ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ ४३ पैसा र बिक्रीदर ८९ रुपैयाँ ८२ पैसा , क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ ३१ पैसा र बिक्रीदर १०० रुपैयाँ ७५ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०७ रुपैयाँ ०५ पैसा र बिक्रीदर १०७ रुपैयाँ ५२ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ४५ पैसा र बिक्रीदर नौ रुपैयाँ ४९ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ०४ पैसा र बिक्रीदर १९ रुपैयाँ १२ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ३५ पैसा र बिक्रीदर ३६ रुपैयाँ ५१ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ४१ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५७ पैसा कायम भएको छ।

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय महोत्तरी
जलेश्वर

प.स.:०८१/०८२ च.नं. १५२८ मिति:-२०८२/०३/१५

विषय: हकदावि सम्बन्धी ३५ पैंतिस दिने सार्वजनिक सूचना ।

उपरोक्त जि.सिराहा फूलकाहा कट्टी गा.वि.स. वडा नं ९ हाल बर्दिबास न.पा.वडा नं ६ मा बस्ने लक्ष्मी सिंह महतोको बुहारी रामउदगार सिंह महतोको श्रीमति राजेश्वरी देवी महतोको नाउँमा जि.महोत्तरी किसान नगर गा.वि.स. वडा नं ३ख कि.नं.३७९/६१७ को ०-२-१०, ऐ.ऐ.गा.वि.स.वडा नं.३ख कि.नं.६१८ को ०-९-१२ जग्गा दर्ता रही सो जग्गाको ज.ध.द.प्र.पु.को मोही महलमा प्रतिवादी मोही जि.महोत्तरी बर्दिवास न.पा.वडा नं.६ मा बस्ने आसमान महतोको नाउँ उल्लेख भएको निज आसमान महतोको उक्त गा.वि.स. वडा मा छैन आफ्नो कालगतीबाट परलोक भइ भु.स.ऐ.न २०२१ को दफा २६(१) अनुसारको कुनै हकदार समेत उक्त गा.वि.स.मा नरहेकोले उक्त जग्गाको स्रेस्ता पुर्जाको मोही महलबाट आसमान महतोको नाउँ कट्टा गरी पाउँ भन्ने व्यहोराको फिरादी ज.ध.ले फिराद पत्र दर्ता हुन आएकोमा मोही आसमान महतोको नाउँमा जारी भएको म्यादको निर्दिष्ट म्याद भित्र कुनै पनि प्रतिवाद नभएको हुदा कारबाहीको सिलसिलामा मिति २०८१/१०/२५ मा भएको आदेशअनुसार यो हक दावि सम्बन्धी ३५ पैंतिस दिने सार्वजनिक सूचना प्रकाशित गर्ने कार्य भएको छ । अत यि फिरादी ज.ध.को नाउँमा कायम रहेको जि.महोत्तरी किसाननगर गा.वि.स. वडा नं ३ख कि.नं.३७९/६१७ को ०-२-१०, ऐ.ऐ.गा.बि.स.वडा नं.३ख कि.नं.६१८ को ०-९-१२ जग्गाको ज.ध.स्रेस्ताको मोही महलमा अंकित मोही आसमान महतो वा निजको हक अपुताली खाने नजिकको हकदार कोही भए आफ्नो ठोस प्रमाण लिइ यो सूचना प्रकाशित भएको बाटोको म्याद बाहेक ३५ पैंतिस दिन भित्र आफ्नो सबुत प्रमाण लिइ आँफै वा वारेश मार्फत पठाइ कानुन बमोजिम हाजिर हुन आउनु होला । म्यादभित्र नआएमा वा गुजारी ब्रमेमा कानुन बमोजिम हुनेछ। पछि कुनै किसिमको उजुर बाजुर लाग्ने छैन ।

२०८२/०३/१५
प्रमोद ठाकुर
मालपोत अधिकृत

# जलेश्वर नगरपालिकाद्वारा ७७ करोड रुपैयाँभन्दा बढीको बजेट सार्वजनिक

**आरजे इर्शाद शेख**
**महोत्तरी, २१ आषाढ**



महोत्तरीको जलेश्वर नगरपालिका १६ औं नगरसभा मा ७७ करोड ७० लाख ७० हजार नौ सय चौतिस रुपैया बराबरको बजेट प्रस्तुत गरेका छन् । शुक्रबार महोत्तरी जिल्ला समन्वय समितिको सभा हलमा पहिलो पट्क भव्य कार्यक्रमको आयोजना गरि १६ औं नगरसभाबाट पालिकाले ७७ करोड ७० लाख ७० हजार नौ सय चौतिस बराबर बजेट सार्वजनिक गरेको छन् ।

नगरपालिकाका नगरप्रमुखले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, रोजगारी सिर्जना, जल व्यवस्थापन र वातावरणीय संरक्षणमा प्राथमिकता दिइएको बताए। नगर पालिकाले बजेट विनियोजन गर्दा समावेशी विकास र दिगो प्रगतिलाई ध्यानमा राखिएको उल्लेख गरिएको छ। नगरसभामा सहभागी सबै पक्षले पारदर्शिता, जवाफदेहिता र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन नगर कार्यपालिकालाई सुझाव दिएका थिए। नगरपालिकाले सार्वजनिक गरेको यो बजेट आगामी दिनमा स्थानीय विकास योजनाहरू कार्यान्वयन गर्न मार्गदर्शन गर्ने विश्वास लिइएको छ ।

१६ औं नगरसभाको प्रमुख अतिथि पूर्व कृषि मन्त्री हरिनारायण यादव थिए। उनले आफ्नो सम्बोधनमा स्थानीय तहको सशक्तीकरण, बजेटको परिणाममुखी कार्यान्वयन र नागरिक सहभागिता अभिवृद्धिको आवश्यकता औंल्याए। विशिष्ट अतिथिको रूपमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी, उप प्रमुख रौशन खातुन, नेपाल प्रहरीका डीएसपी, सशस्त्र प्रहरीका एसपी, परकौली व्यारेकका मेजर, विभिन्न राजनीतिक दलका प्रतिनिधि, वडा अध्यक्षहरू तथा सञ्चार कर्मीहरूको उपस्थिति उल्लेखनीय थियो। नगरसभामा उद्घोषकको भूमिकामा अजय शर्मा रहेका थिए।



अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी,मधेश प्रदेश

# पूर्वराष्ट्रपति-उपराष्ट्रपतिहरूबाट गणतन्त्रलाई जोगाऊ

-वर्तमान र भविष्यका भण्डारी र पुनहरूबाट गणतन्त्र जोगाउन आवश्यक छ, त्यसका लागि संविधान संशोधन गरेर पूर्वराष्ट्रपति र उपराष्ट्रपतिहरूलाई सक्रिय राजनीतिमा आउन नपाउने व्यवस्था गर्नुपर्छ वा राजनीतिमा सक्रिय व्यक्तिलाई राष्ट्रपति-उपराष्ट्रपति बनाउनै नहुने व्यवस्था गर्नुपर्छ।

जननेता मदन भण्डारीको ७४ औं जन्मजयन्तीका अवसर पारेर गत शनिबार आयोजित कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले एमालेको सक्रिय राजनीतिमा पुनरागमन गरेको सगौरव घोषणा गरेपछि गम्भीर राजनीतिक तथा संवैधानिक बहस प्रारम्भ भएको छ । भण्डारीजस्तै दुई कार्यकाल उपराष्ट्रपति भएका नन्दबहादुर पुन केही महिना अगाडि नै माओवादीको उपाध्यक्ष भइसकेका छन् । २०६२/०६३ को जनआन्दोलनबाट स्थापित लोकतान्त्रिक गणतन्त्रका बारेमा विवादित बहस चलिरहेको घडीमा पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपतिहरू नै दलीय राजनीतिमा प्रवेश गरेपछि यस्तो बहस हुनु अस्वाभाविक भएन । भण्डारी राष्ट्रपति र पुन उपराष्ट्रपति हुँदा पनि उनीहरूका अतिरिक्त राजनीतिक चासो र गतिविधिहरू थिए भने भूमिका विवादित थियो । राष्ट्रपतिबाट निवृत्त भइसकेपछि निरन्तर राजनीतिक संवाद र गतिविधिमा संलग्न हुँदै आएकी भण्डारीले दलीय राजनीतिमा पुनरागमन गर्ने संकेत मात्रै होइन, स्पष्ट सन्देश दिँदै आएकी थिइन् । त्यसैले उनको राजनीतिक पुनरागमन अप्रत्याशित थिएन, होइन । तर राष्ट्रपति भनेको व्यक्ति होइन, संस्था हो । गणतन्त्रको प्रतीक भनेकै राष्ट्रपति हो । यदि वर्तमान वा पूर्वराष्ट्रपति-उपराष्ट्रपतिहरू विवादित भए भने राष्ट्रपति संस्था नै विवादित, अलोकप्रिय र कमजोर हुन्छ । जसको प्रत्यक्ष नकारात्मक असर गणतन्त्रलाई पर्छ । त्यसैले राष्ट्राध्यक्ष भई राष्ट्रकै अभिभावक भइसकेका पूर्वराष्ट्रपति-उपराष्ट्रपतिहरू दलीय राजनीतिमा प्रवेश गर्नु कति उचित ? भण्डारी र पुनको राजनीतिक पुनरागमनका कारणले कस्तो राजनीतिक नजिर र संस्कार स्थापित होला ? लोकतान्त्रिक गणतन्त्रलाई कस्तो असर गर्ला ? भन्नेजस्ता केही जटिल र विवादित प्रश्नहरू उठेका छन् ।

त्यसैले यस्ता प्रश्नहरूको नेपालको संविधानको अक्षर र भावना, लोकतान्त्रिक गणतन्त्रको सिद्धान्त र मूल्य-मान्यता तथा लोकतान्त्रिक गणतन्त्रका अन्तर्राष्ट्रिय अभ्यासका आधारमा निरुपण गर्नु अपरिहार्य देखिएको छ । तर पंक्तिकार पूर्वराष्ट्रपति-उपराष्ट्रपतिहरूको राजनीतिक सक्रियताकै विपक्षमा भएका कारणले भण्डारीको पुनरागमनपछि एमालेभित्रको समीकरण र ध्रुवीकरण, भण्डारी र केपी ओलीबीचको शक्ति संघर्ष वा सम्भावित पुनर्मिलनजस्ता एमालेको आन्तरिक मामिला र गणितीय हिसाब-किताबमा प्रवेश नै गर्ने छैन । भण्डारी र पुन दलीय राजनीतिमा किन ? भोजपुरको सामान्य परिवारकी भण्डारी र रोल्पाको सामान्य परिवारमा जन्मिएका जनजाति पुन राज्यको सर्वोच्च संस्थामा पुगे, राष्ट्रकै अभिभावक बन्न सफल भए ।



उनीहरूले उच्चतम राजनीतिक सफलता हासिल गरिसके । तर फेरि दलीय राजनीतिमा सक्रिय हुनुको उद्देश्य के हो ? पदका लागि हो कि सत्ताका लागि ? नेपाली सेनाको परमाधिपति भइसकेकी भण्डारी अब राष्ट्रको अभिभावक हुने कि एमालेको गुटनायक ? सम्माननीय राष्ट्रपतिज्यू हुने कि कमरेड विद्या ? प्रश्न व्यक्ति लक्षित लाग्न सक्छ, तर होइन । प्रश्न व्यक्तिको होइन, विधिको हो । प्रश्न पार्टीको होइन, प्रणालीको हो । प्रश्न सत्ताको होइन, संस्थाको हो । प्रश्न संविधानको मात्रै होइन, सिद्धान्त हो । प्रश्न कानुनको मात्रै पनि होइन, नैतिकताको हो । नेपालको संविधानले पूर्वराष्ट्रपति-उपराष्ट्रपतिहरू पुनः दलीय राजनीतिमा प्रवेश गर्ने परिकल्पना नै गरेको थिएन । त्यसैले यसबारे संविधानमा लिखित रूपमा केही उल्लेख गरिएन । किनभने लोकतान्त्रिक गणतन्त्रमा स्थापित परम्परा, अभ्यास र संस्कार यही नै हो । तर भण्डारीले केवल राष्ट्रपति संस्थाको गरिमा र प्रतिष्ठालाई मात्रै होइन, गणतन्त्रलाई नै दाउमा राखेर आफ्नो अतृप्त सत्ताआकांक्षा हासिल गर्न दलीय राजनीतिमा होमिएकी छन् । राष्ट्रपतिमा बहाल हुँदा होस् कि अवकाश पाइसकेपछि होस्, उनका अभिव्यक्ति र गतिविधिका आधारमा विश्लेषण गर्दा उग्र राजनीतिक महत्त्वाकांक्षा भएको देखिन्छ । त्यस्तो महत्त्वाकांक्षाको अन्तिम गन्तव्य कहाँ हो ? एमालेको अध्यक्ष कि प्रधानमन्त्री ? पहिलो महिला राष्ट्रपति बनेर इतिहास रचेकी भण्डारी अब एमालेको पहिलो महिला अध्यक्ष र त्यसपछि पहिलो महिला प्रधानमन्त्री हुने महत्त्वाकांक्षाका साथ राजनीतिमा फर्केको देखिन्छ । उनको यस्तो अवाञ्छित सत्ताआकांक्षाको सिकार गणतन्त्र र राष्ट्रपति संस्थासमेत हुन सक्छ । नेपाली जनताले बलिदानपूर्ण संघर्षबाट स्थापित गरेको लोकतान्त्रिक गणतन्त्र के भण्डारीको अतृप्त र अवाञ्छित सत्ताआकांक्षाको प्यास पूरा गर्नका लागि हो ?

लामो राजनीतिक गृहकार्य र कोरियोग्राफीपछि मञ्चन गरिएको प्रतीत हुने मदन भण्डारी फाउन्डेसनको ब्यानरमार्फत सक्रिय राजनीतिमा उत्रिएको घोषणा स्वयंमा अर्थपूर्ण र सन्देशमूलक छ । 'राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन' भन्ने पति भण्डारीको उद्धरण उल्लेख गर्दै पत्नी भण्डारीले देशलाई योगदान र जनताको सेवा गर्ने भावना बाँकी नै भएको कारणले सक्रिय राजनीतिमा आएको दाबी गरेकी छन् । तर अब पनि उनले देशलाई कुन 'योगदान' र जनतालाई कस्तो 'सेवा' गर्न बाँकी छ ? यदि उनी दलीय राजनीतिमा पुनरागमन गरिनन् भने देशलाई सबैभन्दा ठूलो योगदान हुनेछ र जनतालाई सबैभन्दा ठूलो सेवा पनि यही हुनेछ । राष्ट्रपति, उपराष्ट्रपतिका हैसियतले कार्यसम्पादन गर्दा कतिपय राज्यका गोपनीयता थिए होलान् । राष्ट्रिय स्वार्थ, सुरक्षा र विदेशनीतिसँग सम्बन्धित संवेदनशील विषयहरू थिए होलान् ।

साभार : कान्तिपुर ।


# जनहितमा जारी संदेश

**सर्पदंशबाट बच्ने उपायहरु**

-सर्प दिउँसो भन्दा राती बढी निस्कन्छ। त्यसैले राती घरबाहिर निस्कनु परे उज्यालो (टर्च, बत्तीहरू) बोकेर मात्रै निस्कने।
-खाली खुट्टा घर बाहिर ननिस्कने।
-सर्प बस्ने सम्भावित ठाउँहरू (जस्तैं दाउराको चाङ, पराल, ढुङ्गा तथा ईटा थुपारेको ठाउँ) मा चलाउनु परे लामो लट्ठीले चलाउने।
-घर वरीपरिका झार, फोहोरको थुप्रो हटाउने र जमिनका प्वालहरू भए पुर्ने।
-घर वरिपरि खानेकुराहरू नफाल्ने। फालिएको खानेकुरा खान मुसा, भ्यागुता आउने हुँदा त्यहाँ सर्प पनि आउँछ।
-साना केटाकेटीलाई मुसाको दुलामा हात हाल्न, दाउराको चाङमा हात घुसाउने, झाडीमा जानबाट रोक्ने।
-शरीरमा पातलो कपडा भए पनि लगाउने। जसले सर्पले टोके पनि विष प्रवेशलाई केही मात्रामा भए पनि रोक्छ।
-सर्पलाई नजिस्काउने।
-सर्प मरेको जस्तो देखिए पनि वास्तवमा मरेको नहुन सक्छ। त्यस्तो अवस्थामा नचलाउने।
-सकेसम्म घरभित्र कुखुरा, हाँस, परेवाको खोर नराख्ने। यस्तो खोरमा जथाभावी हात नहाल्ने।
-राती सुत्दा झुलको प्रयोग गर्ने। सकेसम्म पलङ वा खाटमा मात्रै सुत्ने।
-पोखरी, तलाउ, खोला, नदीनालामा बिषालु सर्प पनि हुन सक्छन्। यस्ता स्थानमा पौडी खेल्दा, खोला तर्दा सावधानी अपनाउने।

**जुनोटिक रोग रोक्ने उपायहरु :**

-सुरक्षित खाना ह्यान्डलिङ अभ्यास गर्नुहोस्। यसमा उपभोग गर्नु अघि सबै उत्पादनहरू धुनु समावेश छ।
-साबुन र पानीले राम्ररी हात धुनुहोस्।
-ह्यान्डल गर्दा वा जनावरहरूसँग नजिकको सम्पर्कमा उपभोग, पिउने वा आफ्नो आँखा वा मुख नछुनुहोस्।
-घरमा घरपालुवा जनावरहरूलाई खोप लगाउनुहोस् र तिनीहरूलाई पशुचिकित्सकको नियमित वार्षिक भ्रमणको लागि लैजानुहोस्।
-लामखुट्टे, पिसा र टिक्सलाई टाढै राख्नको लागि कीटनाशक वा अन्य विधिहरू प्रयोग गर्नुहोस्।

**एएमआर रोक्ने उपायहरु :**

-आफू खुशि एन्टीबायोटिक औषधि सेवन गर्नु हुँदैन।
-चिकित्सकका सल्लाह अनुसार मात्र सेवन गर्ने।
-चिकित्सकको पूर्जा बिना एन्टिबायोटिक औषधि विक्रि वितरण गर्नुहुँदैन।
-एन्टिबायोटिक औषधि जहिले पनि चिकित्सकको सल्लाह अनुसार डोज सेवन गर्ने।

**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियां गाउंपालिका**
**श्वास्थ्य शाखा, धनुषा**

# पत्रिका/पेपर
**कम्प्यूटराईज गराउन सम्झनुहोस।**




सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला







**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday